प्रदेश सभा

सुदूरपश्चिम प्रदेश

२०७५/११/०३

तेस्रो अधिवेसन

७सातौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

| माο सदस्यहरु,

यस सभाको तेस्रो अधिवेशनको सातौ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माο सदस्यहरु,

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त समय निर्धारण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **माननीय तारालामा तामाङ्ग** लाई समय दिन्छु ।

**माननीय तारालामा तामाङ्ग** ः- माननीय सभामुख महोदय आजहामि सदन चलाइरहदा हाम्रो प्रदेश सभा गठनभएको १ वर्ष भन्दा वढि भैसकेको छ । र सरकार गठन भएको पनि करिव करिव १ वर्ष पुग्दैछ । भोलि योदौरानमा प्रदेश सरकारले हाम्रो प्रदेश भित्र गर्नखोजेको धेरै कुरा हरुको वारेमा योसदनलाइ जानकारिनै छ । र यसविचमा हामिले हाम्रो प्रदेशमा यहि २०७५ फागुन १ गतेदेखि ३ गते सम्म सम्माननीय उपराष्ट्रपति ज्यु को भ्रमण भाको छ । वेतकोट धार्मिक महोत्सव २०७५को कार्याक्रमको अवसर पारेर सम्माननीय उपराष्ट्रपति ज्यु ले हाम्रो प्रदेशको भ्रमण कन्चनपुरको खासगरि प्रयटकिय हिसाफले अत्यन्त सम्भावना वोकेको शिव लिङ्गेस्वरधाम र वेतकोट तालमा भएको धार्मिक पर्यतकिय महोत्सव उत्घाटन गर्दै एशियामानै नमुनाको रुपमा चिनिएको वाह्रसिंगेको ठुलो जत्थाभएको सुक्लाफाटा र झुलुङ्गे पुलको उहाले भ्रमण गर्नु भएको छ र उहाको भ्रमणवाट यो प्रदेशले प्रयटन क्षेत्रमा र

विकासमा केहि महत्वपुर्ण भुमिका निर्वाह हुने हामिलाइ विस्वास छ । र धार्मिक प्रयटकिय हिसाफले योक्षेत्रको अत्यन्त सम्भावना वोकेको कुरा उहाले भ्रमणको वेलामा विचार व्यक्त गर्नु भाको छ । त्यसकारणले म यो सभामा सम्माननीय उपराष्ट्रपति ज्युको भ्रमण हाम्रो सम्माननीय हरुको भ्रमणमा पहिलो भ्रमण भएको हुनाले उहालाइ योसदनले धन्यावाद दिनुपर्छ । हामि सुदुर पच्शिम वासि जनताले धन्यावाद दिनै पर्छ र यहि सिल्सीलामा सरकारले हाम्रो सुदूर सुदूर पश्चिम प्रदेशमा पनि सम्भावना धेरैभएको जलविद्‌युतको आयोजना हरु थुप्रो छन । यस तर्फ संघिय सरकारले हिजो मात्रै जनताको नेपालको पानि जनताको लगानि नाराका साथ उर्जामा जनताको सहभागिता हुने कार्यक्रम ल्याएको हुनाले हाम्रो प्रदेशसरकारले पनि यसतर्फ आफ्नो प्रार्थमिक्तामा राखेको हुनाले केन्द्र र प्रदेशको वाट लिएको कुरा सुदूर पच्शिमका जनताले पनि फाइदालिने गरि सरकारले यसतर्फ ध्यन अवस्य जाने विस्वास पनि

राख्न चाहान्छु र यहि फागुन ३ गते जनयुद्धका माहान सहिदहरु र जनआन्दोलनका माहान सहिद हरुलाइ सम्झने दिनै पारेर नेपाल सरकारले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यानयन गर्ने भनेर त्यसलाइ सार्वजनिक करण गरेको छ । यो सोरोजगार कार्यक्रम अथवा प्रधानमन्त्री रोजगार कार्यक्रम ले हामि सुदूरपश्चिम वासिलाइ को वेरोजगार रहेका युवा वेरोजगार रहेका सवै सुदूर पश्चिम वासिलाइ सोरोजगारमा लगाउन र रोजगार सृजनागर्नमा यसले थप उत्साह प्रप्त हुने वस्वास लिदै संघिय सरकारलाइ पनि हामि धन्यावाद दिन चाहान्छौ । र यसतर्फ प्रदेश सरकारले पनि आफ्नो प्रदेशमा सोरोजगार सृजनागर्ने रोजगार सृजनागर्ने काममा जोड दिनेछन । यसलाइ जलविद्धुतले अझ महत्वपुर्ण भुमिका खेल्ने भाको हुनाले  यसतर्फ प्रदेश सरकारले अवस्य काम गर्ने कुराको ध्यानआक्रषाण हुने विस्वास गर्दै पुनह सम्मानानीय राष्ट्रपतिज्युको भर्मणले हामि सुदूर पश्चिम

वासिकोलागि फलदाइ सफल भ्रमणको फलदाइ हुने विश्वासगर्दै विदाहुन्छु धन्यावाद

**माननीय टेक वहादुर रैकाः -** माननीय सभामुख महेदय सर्वप्रथम त हाम्रो सुदुर पश्चिम प्रदेश मा हाम्रो उपराष्ट्रपती ज्यु जो हाम्रो क्षेत्रमा आउनुभाछ । त्यकालागि म मेरोपाटि र मेरो व्यक्तिगत तर्फवाट म धन्यावाद दिन चाहान्छु र उन्को कार्यकालको पनि सफलताको सुभकामना व्यक्त गर्न चान्छु । माननीय सभामुख महोदय हाम्रो सरकार गठनभएके १ वर्षाभयो भाषणमा मन्चमा सरकार एकदमै अगाडि छ ।र काममा भन्दाखेरि एकदमै पछाडि छ । पछाडिपरेका कारण जतिपय योजनाहरु छनोट भएका छन । त्यसलाइ फागुनको महिनासम्मत कार्यानयन भएन भने चैत वैसागमा कामसञ्चालर्ने गरि फ्रिजगर्नेहोकी अर्थाद सुन्दर प्रर्देष राम्रो प्रदेश हाम्रो प्रदेश भनेर सरकार मन्चमा मात्रै वोलेको छ । व्यभाहारमा देखिएको छैन व्यभाहारमा देखिन याहाँका जनताले चाहेका छन ।

सभामुख महोदय ३२ जाना माननीय सभासद याहाँ ३ वटा पाटिवाट हामिछौ । अहिले ३ वटापाटी छन । अहिले के २१ जना माननी सभासद् हमि कुन पाटीका हौ हम्रो नेत्रीत्तो कसरि स्वुकार गरेर  सरकारको कौरम पुगाउनु वा संसदलाइ चलाउनका लागि हामि हौ । या जनताका प्रतिनिधी भएर हिमले विकास निर्माणके काम गर्न पाउछौ कि पाउदौनौ । यो अरु प्रदेशमा सप्पौलाइ लागु हुने गरि विकास निर्माणका काममा सहभागि गराउने हाम्रो प्रदेशमा समानुपतिक प्रदेशका मान्छेलाइ योजना हालेपनि योजनावाट वन्चित गराउने संसद सभाकोष वाट पनि वन्चित गराउने कस्तो हो यो सभामुख महोदय याँहा माननीय कानुन मन्त्रि जि पनि यहि हुनुहुन्छ सरासर यदि जनताको जनअधिकार प्रतिनिधिको मोलक अधिकारमा हनन् हुनुछ भने अम नेपाली जनता पर्ति जनताले यो सरकार पर्ति विस्वास कसरि गनर्ने प्रस्न एउटा चिन्ह छ । आज हेर्नुहोस पर्तेक निर्वाचन क्षेत्रको माननीय जि सयोजक छ । उसले चाहेको योनामा साछी मात्र राखिदिने अनि

विकास निर्माण र हाम्रो सहभागिता हुन्छ । यसले के देखाउछ भने लोकतन्त्रलाइ समावस गरेपनि सोच र विचार हाम्रो अझै एक दलिय व्यवस्तामा छ । भन्ने कुरामा पुस्टि हुन्छ । र अहिले गरेको गल्ति अउदा वर्खे अधिवेसन मा सरकारले नगरोस भन्नेकुरामा अनुरोध पनि गर्न चाहान्छु । याहाँ घटनाहरु थुपै छन । गौरिफन्डाको डोगे वजारमा नालि खनिएको छ । त्यको रेखदेखमा हामिले पहल चालेका छैनौ । निर्मला पन्तको हत्या भएको छ । त्यसमको वारेमा केहि भएको छैन । अव निर्मला पन्त त एउटा व्रहामणकि छोरिहुन यो देशको राजनेता मदन भण्डारि देवराज आश्रीत को त पतालागेन भने ति विचारिको कहिले पत्ता लाग्ने मत निर्मला पन्तको वारेमा वोल्नै छोडिदए । पताइ लाग्दैन र सरकारले जेजति कामगरेका छन । स्वागत योग्य कामकालागि हामि समर्थन पनि गर्छौ । सहयोग पनि गरेका छौ र निति र प्रकृया छिटो वनाएर विकास निर्माणको काम हामिले वाटा कुन ठाउमा वनाया छौ । कुला कुन ठाउमा वनाया छौ । रोड कुनठाउमा भनेका

छौ । झुलुङ्गे पुल कुनठाउमा भनेका छौ । पक्किपुल कुनठाउमा भनेका छौ । कल्पट कुनठाउमा वनेकोछ। कहिले गर्ने त्यो काम अहिलेपनि सोद्दाखेरि प्रकृया वन्दै छ । वन्दैछ । कहिले वन्नेत त्यो हामि माननीय सभासद हरु भत्ताखाएर जनताको वोझहुन आएकाहौ भने मेरो भन्नु केहिछैन । हैन जनताका प्रतिनिधिभएर जनताको काम छिटो हुनुपर्छ । भन्नेकुरा अफ्ना सभामुख मार्फत सरकारको ध्यान आर्षण गराउदै विदा हुन चाहान्छु । हवस्त धन्यावाद

**मा० विरमान चौधरीः–**माननीय सभामुख महोदय हाम्रो प्रदेशमा विगत केहिदिन देखि सिमाविवादले चर्चा पाइराखेकोछ र यसैगरि वजेलमा परेको एउटा मेरै निर्वाचन क्षेत्र अन्तरगत कैलालि गाउपालिकाको वडा न०३मा पनि यस्तै डोके वाजारमा खाल्टोमात्रै खनेको छ । तर शिवरत्नापुर गाँउको त्यहाँ ३ किलोमिटर एउटा ड्याम लगाएको छ । नेपालको स्ठथानिय सरकारसंग स्थानिय प्रशासन संग र त्यसपछि गयर आर्को कुनैसंग सम्वन्धि नरहिकन त्योकाम

भैराखेको छ । अस्ति भर्खर २ हप्ता अगाडि म आफै गएर पनि हेरे । तर कुनै मिडियामा पनि आइराख्या पनि छैन र त्योठाउ पछाडि परेको ठाउहुनाले पनी मलाइ लाग्छ । कसैको नजरपनि पुगेको छैन । हामि सवै यहि डोकेवजार हाम्रो नजिक भएको हुनाले हाम्रो प्रदेशको नजिक भा हुनाले त्यो चर्चामा आउने गरेको छ । कैलालीको कैलाली गाउँपालिका वाडन० ३ शिवरत्नपुर को एउटा मन्दिर देखिको पुर्वतिर इन्डियाले कुनै नेपाल संग केहिपनि कुराकानि नगिकनै त्यो वाद लगाएको छ । जस्ले गर्दा ८६ घरधुरी त्याहाँ डुवानमा पर्ने सम्भावना देखिन्छ । त्याहाँ विगतको वाढिको अवस्था हेर्दा त्यसको संगसगै अव एउटा अर्को समस्या छ । त्याहाँ विगत केहिवर्ष अगाडिदेखि रहेछ । त्यो समस्या र म त्योगाउमा जादाखेरि कैलाली गाउँपालिकाको वडान० ५ विषनपुर भन्ने गाउका जनतालाइ वर्षामा १५ दिन त्याको वन विभागले नेस्नलपार्कमा रहेका कर्मचारीहरुले वर्षको १५ दिन करिव सवै गाउँका प्रत्येक घरवाट १ जना मान्छे लग्ने र त्यहाँ निसुल्क परिपट्टी काम गराउने गर्दा रहेछन । अस्ति उहाँ हरुले मलाइ गुनासो पनि गर्नुभो । मैले भने ठिकछ । योकुरा म सरकारको उहाँ हाम्रो उहाँ कुरा उठाउँछु म उहाँहरुले

सामान्य छिसिक्क केहि इन्डियातिर भयवो भने निहत्ता जनताले दुख पाउने गरेका छन । समातेर लगिहाल्छ । पारिपट्टी एस.एस.पि. को क्याम्प छ । नदिलेकमात्रै छेकेको छ । त्यो वौडरमा केहिभयो भने त्यो गाउका जनताले पहिला जान्छ र समातेर लगिशहाल्ने पिटिहाल्ने जेल हालिहाल्ने त्यस्तो कण्डिसन हाम्रो स्थानिय तहमा पनि यो मलाइ त्यो भन्दा अगाडिनै थाहा भएको भए स्थानिय रकार संग कुराकानि गरेर एउटा वारिर पारिको राम्रो सम्वन्ध गरौ भने केहिदिन अगाडि गरेका थियौ र त्ये कार्य रोकिएको थियो । फेरि त्योक्रम सुरुभएको छ । यसलाइ चाहि हम्रो प्रदेश सरकारको पनि त्युमा ध्यान जावोस र संघिय सरकारको पनि सिमा सम्वन्धी भाको हुनाले त्यता पट्टी पनि ध्यान जावोस भन्ने म अनुरोध गर्न चाहान्छु । अर्को त्यसको संगसंगै योहाम्रो हुलाकि वाटोको कुराछ । यो संघिए सरकार संग सम्वन्धित कुराछ । २ किलोमिटरको वाटो ६६ सालदेखि १० वर्षा भैसक्यो म आफु धेरै कोसिश गर्दा पनि २ किलोमिटरको वाटोको रुख हटाईराखेको छैन । जस्लेगर्दा हामि याहाँदेखि टिकापुर जानलाई ४० किलोमिटर छोटो पर्छ । सप्पौ ठाउमा टुङ्गिसकेको छ । अझ धेरैपटक मैले भने कनरा नदिको पुल

ठेकदार भागिहाल्यो विभिन्न पर्यास गरिकन याहाँ ल्याउने कोसिस भैराखेको छ । तरपनि त्यो ठेकेदार आउदैन । उसले यसै आषार मा त्यो पुल सक्नु पर्ने तर आइ राखेको छैन । हुलाकि भनेको प्रदेशको गौरवको योजना मात्रै हौन । त्यो संघको पनि महत्तव पुर्ण योजना हो । तर त्यो चाहि रोकिराखेको छ । किनभन्दा खेरि अव पानिपर्ने वित्तिकै त्याहाँको मान्छे डुवानमा पर्छन । त्यो सवैलाइ थाहापनि छ । किनकि सवै ठाँउमा वुझिपनि राखेका छन । त्सको संगसगै अर्को कुरा केपनि छ । भन्दाखेरि त्याहाँ विपतमा परिराखेका प्राकृतिक विपदमा परेका विगत हावा हुरी देखि सवैमा परिराखेका जनता हरुले स्थानिय तहका सरकारले केहित राहत दियो । नगर र गाउपलिका हरुले तर प्रदेश सरकारको वाट पाउनुपर्ने राहात कानुनि वाध्यता कारणले यो रोकि राखेको  मैले देखिराखेको छु । त्यसले मेरो अनुरोध केहो भने प्रदेश सरकारलाइ तुरुन्तै छिटो भन्दा छिटो यसको कानुनी व्यवस्था गरियोस र जनतालाइ दिनुपर्ने नियम संगत जेजति प्रदेश सरकारले सक्छ । त्यसले तुरुन्तै राहतको व्यवस्था हाम्रो प्रदेश भरिलाइ गरोस । भन्ने म याहँ अनुरोध गर्न चाहान्छु । अनि यसको संगसगै अर्को कुरा यो अहिले राम्रो

कुराआएको छ । संघिय सरकारले हिजो भरखर पनि मैले सुने नेपालको पानी जनताको लगानिमा ४९ प्रतिशत जनताको आफ्नो सेयर हुने र नेपालको सेयर लगाउन पाउने जो प्राप्धान ल्याएको छ । मलाइ लाग्छ यस्मा हामि सवैलाइ हाम्रो प्रदेश यति उर्जामा यति धैरै धनि प्रदेश छ । यसमा हामिले एउटा प्रदेश सरकारको पनि यसमा ध्यान जावस र प्रदेशका जनताको लगानिको लागि पनि हाम्रो प्रदेश पनि त्यो किनकि संघ सरकारले त्यो निति वोलिसकेको छ । उद्‌देस्य लिसकेको छ । त्यसैले चाहि अझ प्रदेश सरकारले हाम्रो मुर्त रुपमा त्याहाँ संघ संग समुन्य गरेर यसलाइ ठोस ठोस रुपमा हमिले यसलाइ याहाँको पव्लिकले याहाँको सरकारले र संघले मिलेर वनाउने कयौ प्रोजेक्ट हुन सक्छन । यसमा गम्भिरता पुर्वक प्रदेश सरकारले ध्यान देवोस र यसको संगसगै एउटा मिडियामा पनि आएको छ र प्रधानमन्त्रीले पनि मैले वोलेको सुने नेपालको पर्तेक जनतालाइ कम्तिमा १०० दिन रोजगारि दिने । नभए तपाइको ५० दिनको वेरोजगार भत्ता दिने जोकुरा ल्याएको छ । त्यो सरकारले गर्दै छ । यसले अझ हाम्रो प्रदेशसमा थप नयाँ कुरा गर्न जरुरिछ किनकी किसानका लागि ल्याको कुरा स्तानि तहदेखि लिएर प्रदेशले

यसलाइ राम्रो संग ल्याउनु जरुरीछ । जस्तो मलाइ लाग्द छ । र धेरै कुराहरु अहिले याहाँ आइ राखेका छन र याहाँ हामिले उठाइ राखेका छौ । विकास भएन याहाँ थुप्रै चाहि तपाइको स्थानिय सरकारले दिएका खोला नालाका गिट्टि वालुवा हरु सवैकुरा छन । यसलाइ अलिकति गम्भिरता पुर्वक हेर्न जरुरि छ । त्यसले प्राकृतिक रुपमा केहि समस्या पारेकोत छैन । किनकि कयौ ठाउ मा त्यो समस्या पनि आइराखेको छ र यसको संगसगै ननिकालि पनि भएको छैन । कतिपय ठाउमा मैले के सुन्ने गरेको छु भने हामिले ढुङ्गा पाउदैनौ विकास गर्दाखरि गिट्टी पाउदैनौ कसरिहामिले विकास गर्ने भनेर कयौ मान्छेले पनि भनिराखेका छन। स्थानिय तहमा यो कुरापनि उठिराखेको छ । यसलाइ ठिकतरिकाले प्रदेश सरकारको समुनय कारि भुमिका त्यसमा छ । किनकि जिल्ला समुनयको मात्रै भुमिका छैन । त्याहाँ त्यो यदि समाधान भएन भने प्रदेश सरकारले यसलाइ गम्विरताका साथ लियोस । कसरि हुन्छ सन्सदिय समिति वनाएर हुन्छ वा प्रदेशले आफ्नो एउटा कमेटि वनाएर हुन्छ। एसलाइ प्रदेश भरिमै किनकि कुन कुन खोलानाला वाट आइ इआइ गरेर ढुङ्गा गिट्टी वालुवा निकालि राखेका छन । या

निकालि राखेकाछैन्न नियम पुगाएको छकि छैन त्यसलाइ हेर्न जरुरि छ । नत तराइ देखिराछु ।धैरै अगाडि म १न० र २न० प्रदशेको चुरेको वेल्ट हेरेर आएको थिए । त्याहाँ जम्मा मरुभुमि छ । अहिले पनि २ नम० प्रदेशमा हामि गयौ भने हजारौ विगाहामा धानखेति लाउन सकिने कुनैपनि वालि लिन सकिदैन । त्यो अवस्ता हाम्रो सुदूर पश्चिमा यो नहोस । किनकि हामिले चुरेलाइ ठिक तरिकाले संरक्षण गर्न सकेनौ भने यो अवस्ता आउन सक्छ । यसको संगसगै हामिले जुनचिज हामिले खनिज वाट निकाल्नु पर्ने कुराछ । त्यसलाइ व्यवस्थित गरेर निकाल्न जरुरिछ यहिकुरा राख्दै विदाहुन्छ हवस्त धन्यावाद

मा० सदस्यहरु,

आजको विशेष समय यहि समाप्त हुन्छ ।

। मा० सदस्यहरु,

अब, "प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथिको कार्बाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू,

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई “प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय प्रकास वहादुर रावल -** प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि सामान्य छलफल गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यावाद

**माननीय सदस्यहरू**,

अब, म “प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरु,

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**, **२०७५"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय महेश दत्त जोशी लाई समय दिन्छु ।

**माननीय महेश दत्त जोशी** :- माननीय सभामुख ज्यु सुदूरपश्चिम प्रदेश को बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"उद्ध्योग प्रयटन वन तथा वातावर्ण मन्त्रालयले सदनमा टेवुल गरेको छ । यो हाम्रो

सिंवधानको धारा १९७ सित सम्वन्धित अनुसुचि ६ अनुसुचि ७ र अनुसुचि ९ को वुदाहरु सित मेलखान्छ यो साझा सुचि  प्रदेश संघ र स्थानिय तह मा पनि वातावर्ण संरक्षणको कुराछ । प्रदेश र संघको साझा सुचिमा पनि १९ न वुदामा वातावर्णको कुराछ । अनुसुचि ६ मा पनि यो वातावर्णको कुराछ । अनुसुचि ६को १९मा अनुसुचि ७ को १३ नम्मर वुदामा अनुसुचि ७ को ५ नम्वर वुदामा ३ वटै तहको सरकारलाइ वातावर्ण सम्वन्धि कामको लागि संविधानले निर्दिष्ट गरेको छ । त्यहि अनुरुप योहाम्रो सदनमा अएको छ । केहिकुराहरु भाषागत रुपमा त्रुट्टी हरु मैले यसमा पाएके छु । यसलाइ अव सम्वन्धित समितिले सच्याउनेछ  । वातावरणिय ह्रास भनेको यो अपुष्ट भयो वातावर्ण भनेपछित सप्पै भयो राम्रो वातावर्णकि नराम्रो वातावर्ण के हारास यसले अर्थ राख्दैन वातावरणिय ह्रासभनेको वातावरण विगार्ने कुरा हुनुहुदैन भन्न खोज्या । वातावरणमा कार्वन उत्सर्जन हुनुहुदैन वातावरणको संतुलन कायम हुनुपर्छ । भन्नेकुराहो वातावरण ह्रासभनेर यसले अर्थ राख्दैन । यसले अर्थ पुगाउदैन त्सैले यो परिभासामै केहि हामिले छलफल गर्नुपर्ने हुन्छ । कि सौद्धान्तिक विषय भनेको संसारलाइनै वातावरण अहिले परिवर्तन भैरहेको छ। तापकर्म वढिरहेको छ । तापक्रम वढिरहदा  अहिले हिमालमा हिउ पग्लिरहेको छ । संसारका जिव जन्तुहरु लोभ भइरहेका छन । यसले मानव जातिलाइ पनि ठुलो असरगर्छ । भन्ने संसारकै

चिन्ताहो । त्यहि चिनता अन्तरगत हाम्रो सरकारले हाम्रो मुलुकले पनि वातावरण संरक्षणमा राम्रो वातावरण वनाउनका लागि योगदान दिनुपर्छ । भनेर हामिले यो विधेक ल्याएका छौ । यो विधेयक मा हामिले छलफल गर्नु पर्छ । र हाम्रो पिडापनि केछ भने हामि हाम्रो विकासोन्मुख देशलाइ वातावर्णको सम्वन्धमा वडि चिन्ता गर वातावरणको सम्वन्धमा धेरैऐन कानुन हरु वनाउ र विकासमा हलचल हुननदिने खालका कुरा गर भनेर विकसित देशहरुले भनिरहदा हामिलाइ पिडाहुन्छ । सोभावैले हामिले वातावरणको संरक्षण गरेका छौ । हाम्रो मुलुकमा ४० प्रतिसत वनजंगल कायम छ र कायम राख्छै । भनेर संविधानमा लेखेका छौ । सुदूरपश्चिमकै कुरा गर्नेहो भने ६० प्रतिशत वन जंगलछ हामिसित संविधानले ४० प्रतिशत भए पुग्छ भनेको छ । यसकोमतलव वातावरण संरक्षणगर्ने र विकासलाइ वाधागर्ने कुरात हुदैन त्यसैले वातावरण मैत्रि विकासको कुरापनि हाम्रो यो विधेकमा आउनुपर्छ । वतावरण संरक्षणका संसगै जनताको अधिकार जनताले खान लाउन पाउने स्वास्थ्य उपचार गर्न पाउने लेखपड गर्न पाउने आर्थिक उन्नति गर्न पाउने मौलिक हकको प्रयोग गर्नमा वन्देज लगाउनु हुदैन सरकारले संसारमा सवभन्दा वातावरण विगार्ने भनेका अणुभट्टी वनाउने हरु हुन । सवभन्दा विकक्षित देश हरुहुन जसले अहिले डिफ्रेजदेखि लिएर ठुलाठुला एलमोनिएमका उद्ध्योग हरु कलकारखाना हरु वाट कार्वन

उत्सर्जन भैरहेको छ । संसारको वातावरण विगरिरहेको छ । संसारमा तापक्रम वडिरहेको र विगरिरहेको र विस्सव वह्लमाण्ड लाइ त्यसले ठुलो क्षेतिगरिरहेको छ । वनजंगललाइ क्रिषिक्षेत्रले २ प्रतिशत मात्रै पुरै सखाप भएपनि क्षेतिहुन्न त्यो भन्दा वढित हुदैन ९८ प्रतिशत विकक्षित देशहरुले वातावरण विगारि रहेकाछन त्यस वाफतको क्षेतिपुर्ति को लागि हाम्रो पहलकदमि पुगिरहेको छैन । हामि जस्तै सानादेश हरुले जस्तै जानिनजानि वातावरण संरक्षण गरेका छन । उनिहरुले क्षेतिपुर्ति पाउनु पर्छ। हामिले जातनजानि यत्रो वनसंरक्षण गरिरहेका छौ । हामिले अक्सिजन उत्पादनमा योग्दान दिइराखेका छौ  हम्रो मुलुकले जनताले दुख कस्ट गरेर संसारालाइ अक्सिजन दिइराखेको छ । तर हामिले क्षितपुर्ति पाएका छनौ । रेड + का कुराहरु अए चर्चामत्रै भयो वर्सौ वर्ष सम्म हामिले त्यो क्षेतिपुर्ति पाएनौ त्ये कुरापनि हाम्रो वातावरण संरक्षाणको संद्रभमा आउदा हामिले कुराउठाउनु पर्छ । विश्व मञ्चमा हाम्रो पहलकदमि हुनु पर्छ । हाम्रोमाग हुनुपर्छ र हामिले संरक्षण गरेवाफत हाम्रा जनताले दुःख कस्ट सहेर हामिले गिरिविमा झेलेर पनि वातावरण लाइ ठुलो योगदान दिएको छ । हाम्रो मुलुकले त्यस वाफतको हामिले अर्थिकलाव पाउनुपर्छ । रेड + का कुरागर्ने धनिराष्ट्रले कहिले पनि वातावरणमा संरक्षणमा हस्ताक्षर गर्दैन । अन्तरराष्ट्रिय सन्धि सम्झौतामा ठुलाराष्ट्र ररुले वकिक्षित र सक्ति सम्पन्न राष्ट्र ले धनि राष्ट्र ले कहिलै पनि

वातावरण संरक्षणमा हस्ताक्षर नगर्ने अनि सानादेश हरुलाइ क्षेतिपुर्ति पनि नदिने अनि हेपाहा प्रवृति गरिरह्यो भने विश्वलाइ ठुलो क्षेतिहुन सक्छ । संसारमा अहिले अमेरिकामा हउँ परेर ७० प्रतिशत चिसो भयो ७० डिग्री तल झर्यो भने क्षेतित जतिसुक्कै गरेपनि भैरहेकै छनि सक्ति सम्पन्न मुलुकलाइ पनि समुद्री अधि अइरहेको छ । समुद्रमा ठुलो तुफान हरु अइराखेको छ । ठुला आगजनिका केश हरु भैराखेक छन । भने योसंसार लाइ नै त्यसको क्षेति भैरहेको अवस्तामा हामिले मात्रै गरेर हुनेत होइन तर संसारले वुझ्नेगरि हामिले संदेश दिनुपर्छ र त्यसैले यो महत्व पुर्ण विधेयक छ । यो महत्व पुर्ण विधेयकमा यो सभाले उच्च छल्फल र उच्च विचारका साथ यसलइ स्पष्ट र नमुनाको रुपमा यो विधेयक हुनुपर्छ । हालाकि हुनुपनर्ने त धेरै विधेयक अउनुपर्नेहो । वन विधेयक योभित्र छ । हाम्रो साझा ससुचिमा उद्योग विधेयक त्यसमा आउनु पर्छ तमाम विधेयक हरुका विचमा यो विधेयक अयो ठिकैछ । मइले फेरिपनि जोरदारका साथ भन्दछु वातावरण विधेयक भनेर विकासलाइ रोक्ने जनताको उन्नतिलाइ रोक्ने सुदुर पश्चिम प्रदेशको उद्ध्योग क्षेत्रलाइ वाधापुग्ने किसिमको विधेयक होइन वातावरण मैत्री जनताको उन्नति नेपालको सम्वृदि मा सेवागर्ने हिसाफले हामिले वातावरण सन्तुलन कायमगर्ने वातावरणलाइ संरक्षण गर्ने र एउटा स्वच्छ वातावरण कायमगर्ने रुपमा यो वधेयक छलफल पछि पुर्णरुपमा

यो सदनमा आउनेनै छ र यसका धेरै सैद्धान्तिक पाटा यो डराफ्टमा आएको छैन भन्दै आफ्नो भनाइ टेङ्ग्याउछु । हवस्त धन्यावाद

**मा० बलदेव रेग्मी -** माननीय सभामुख महोदय संसदमापेश भएको प्रदेशको वातावरण संरक्षण सम्वन्धमा व्यवस्तथा गर्न वनेको विधेयक २०७५ माथि प्रदेश सरकारले पेश गरेपछि यो स्वागत योग्य छ। हामिले जुन्सुकै विधेयक आउदापनि हामि ढिलो भयो भन्छौ । सवै विधेयक संगै ल्याउन सकिदैन । त्यो भएर पनि हुनसक्छ र यसले गर्दा जुन प्रकृति संरक्षणमा परेको पर्भाव छ । त्यसलाइ हामिले संरक्षण गर्न सकेका छैनौ । यसले कानुनि रुपलियो भनेपछि हामि यसलाइ पास गर्यौ भनेपछि यँहाका जुन वातावरणिय रुपमा जुनप्रभाव परेका छन । त्यसलाइ नियन्त्रण गर्नकालागि र त्यसलाइ सन्तुलित राख्कालागि यो प्रदेशलाइ प्रयावरणका संद्रभमा प्रकृतिको संरक्षणमा श्रेष्ट प्रदेशकम रुपमा ल्याउनका लागि यो विधेयक असाध्यै फलदायक हुनेछ । विशेष गरेर अहिले यो प्रकृतिको परिवर्तनले गर्दा वातावरणिय पर्भावले गर्दा जुनढाउमा हुनुपर्ने फल्फुलहरु हुनुपर्ने अन्नवाली हरु फरक ठाउमा फल्ने खालको

परिपाटी विकास भएको पनि वातावरणले गर्दा र यसले हिमताल हरु फट्न सक्ने र अन्य तालहरु फुटेर समाजमा यसको ठुलो प्रभाव पर्ने  यसको असरपर्ने खालको स्थिति आएको छ । यसैले हामिले हरियो वन नेपालको धन भन्थ्यौ र अहिले हाम्रो प्रदेशको हरियोवन प्रदेशको धन भनेर हामिले जुन हाम्रो मुखार वाट आइरहेको छ । यसलाइ हामिले विषेस गरेर रुख काट्दै गैरहेका छौ । तर रुखरोप्ने र प्रकृति संरक्षण गर्ने हामिले कुनै ख्याल गरिरहेका छैनौ । जुन परापुर्वकालदेखि जुन हाम्रो सम्पति छ त्यसलाइ संरक्षण गर्नुत काहो त्यसलाइ हामि नस्ट गर्दै गैरहेको अवस्था छ । यसकालागि स्वभाविक रुपमा कानुनको आवश्यक्त पर्छ । त्यो कानुन आवस्यक मात्र भएर हुदैन त्याहा लागु गर्नका लागि दुरुस्त सरकार हुनुपर्छ । सरकार फेरि अलि नजिकै हुनुपर्छ । नजिकको सरकारको अलि वडि माया हुन्छ । अफ्नो ठाउ क्षेत्रपर्ति स्वभाविक रुपमा यो व्यवस्ता पनि यहि उसको उपजहो । धेरै लामो समयदेखि पछाडि परेको समुदाय धेरै विकासका संद्रभमा याहाँको अपनत्वको सम्वन्धमा हाम्रो क्षेत्र पछाडिपरेकोले यो व्यवस्ता लागुभएको हो । अएको त्यस्तै यो संरक्षणको लागि यसको सम्वर्धनको लागि यो सरकारको महत्व पुर्ण जिम्मेवारि पनि

छ । त्यो जिम्मेवारि पुरा गर्नकालागि ऐन आवस्यक पर्दथ्यो त्यो ऐन आज सरकारले ल्यएको छ । यो वारेमा म स्वगत गर्न चाहान्छु । तर यो वातावरण संरक्षणका साथसथै राजनिति पनि सफा र स्वच्छ हुनुपर्ने रहेछ । हिजोका दिनमा वनजंगल कसरि नासिए द्वन्दले गर्दा यसले धेरैले एउटा जंगल नासगर्ने प्रकृति नासगर्ने ठुलो अवसर पाए र अहिले पनि संघमा पनि अहिले जंगलि वजावर पसुपन्छि पाल्न पाउनेखालको विधेकका वारेमा पनि नियम वन्दै छ । त्यो पनि एउटा स्वागत योग्य छ । यो कुरा पनि हामिलरे छलफल गर्ने अवस्था रहन सक्छ र त्यसैले राजनिति लाइ पनि सुधार्न पर्ने अवस्यक्ता छ । अहिले जुन सरकारले काम गरिरहेको छ। यसकालागि पनि त्यसलाइ ठिक कुरालाइ ठिक ढंगले पर्तिपक्षले पनि यसको वारेमा मुल्यङ्कन गर्न जरुरि छ । अनि महङ्गि जहाँ ठाउँ पायो जता ठाउँपायो सरकारले केहि गरेन केहि भन्दै भनेन भनेर यो वातावरण पनि राजनितिक वातावरण ठिक चाहिन्छहै । देश समवृद्ध वन्नकालागि प्रदेश सम्वृद्ध वन्नकालागि त्सैले मैले पाएको यो केकुरा पाए के अनुमति मागेभनेपछि आदरणिय सभामुख माननीय जी यो मैले यो प्रदेशको नामाकरण समितिमा मैलेभन्ने एउटा अवसर

पाएको थिए । सदनको तर्फवाट त्याहाँ अघि वातावरणको कुरा अयो गोदावरिको वारेमा धेरै कुरा आयो तर साच्चिकै कुरा हामिले १० –११ मिटीङ वसे त्यो मिटिङमा हामिले सर्वसम्मत रुपमा निर्णय गरेका थिए र प्रशताव पेशगर्दा सर्व सम्मत रुपमा पेश गरेका छौ । तर पछि यो अलिकति वनकै कुरा अयो यो अलिकति धेरै अस्पत्तल हरु वनेकाछ्न धेरै ठाउँमा फडानि हरु भएका छ्न यो तराइमा त जंगल फाडेरै वस्ति वसेको छ त्यो कुरामा केहिकुरा नहुने अहिले यो राजधानि वन्ने कुरामा त्यवखालको वातावरणिय कुरा वाद हुनेकुरा अयो त्यसैले यो मैले योकुरा किन राख्न चाहे भने यसमा पनि राजनिति स्वच्छता चाहिन्छ । भएको कुरा भन्नु पर्छ । यसले गर्दा उहाको राखेको कुराले पिन वोज पाउछ । जुनसुकै पर्भावमा जुनसुकै मिडियामा जुनसुकै ठउँमापनि अहिले यो सरकारका वारेमा विभिन्न केश काण्डका कुरामात्रै गर्ने र सरकारलाइ साथ नदिने कुराले गर्दाखेरि यो वातावरण संग जोडिएको हुनाले मैले योकुरा राखे हवस्त धन्यावाद

**मा० हर्क बहादुर कुँवर –** माननीय सभामुख महोदय प्रदेशको वातावरण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७५

संविधानको धारा १९७ अनुसार यो विधेयक वातावरण मन्त्रालय ले याहाँ टेवुल गराएको छ । यसमा सैद्धान्तिक भन्दा पनि सैद्धान्तिकमा हामिले सभामुखको निर्देशन अनुसार हामिले अगाडि मैले अगाडि वडाउने जमर्को गरेको छु । र यो वातावरण विधेयक अति महत्व पुर्ण छ र यसका लागि म धन्यावाद दिनचाहान्छु । सम्वन्धित मन्त्रालयका मन्त्री ज्यु हरुलाइ र यो पेश गर्ने मन्त्री ज्युलाइ वातावरण भन्नाले हामि चाहे त्यो संसारका जुनसुकै देशमा होस चाहे नेपाल होस चाहे हाम्रो प्रदेशमा होस अलि महत्वकासाथ यस लाइ हामिले अगाडि वढाउने गर्नु पर्छ । किन भन्दाखेरी जुनठाउमा जस्लाइ वातावरण सम्वन्धी ज्ञान हुदैन त्यो सम्वन्धि जसले त्यसलाइ पालना गर्न सक्दैन्न र व्यवस्था गर्न सक्दैनन् । त्यसले कुनैपनि क्षेत्रमा प्रगति हासिल गर्न सक्दैन । किनकि वातावरणनै ठिक छैन भने त्यसले कसरि अगाडि वड्न सक्छ हामि अहिले वातावरणको विधेयक का वारेमा सान्य सैद्धान्तिक छलफलका कर्ममा छौ मैले यो सरसति हेरे यो २२ वुदा सम्म हेर्दाखेरि कतिपय वुदामा केहि कुराहरु थप्नुपर्ने आवस्यक्ता देखिन्छ । वातावरण चिज यस्तो महत्वपुर्ण चिज हो । हामिले हतारमा यसलाइ गर्यौ भने

निच्चित रुपमा भोलि पछुताउनु पर्ला जस्तो लाग्छ । त्यसैले मैले यो सरसती हेर्दाखेरी यो विषयगत समेतिमा गएर यसको गम्विर छलफल गर्नु पर्छ र यसलाइ भासागत हिसाफले या केहि वुदागत रुपमा थपेर पनि यसलाइ हामिले सम्वन्धित ठाउमा पठाउने गर्नुपर्छ । जस्तो मलाइ लाग्छ । हामिले यस्ता विधेयकलाइ महत्वका साथ हामिले  अगाडि वडाउनु पर्छ । मैले हुनत यो वुदावार छलफल गर्नपाइदैन केहि कुराहरु मैले एसमा सुझापको रुपमा हामी निच्चित रुपममा सम्वन्धित निकायमा हामि राख्ने छौ । तरपनि वाटावरण हावापानि अहिलेको जलवायु विषेसत अहिलेको केहो हामि अहिले हाम्रो प्रदेशमा हामि जंगल एकखालको हामिले ६० प्रतिशत त्योजंगललाइ हुर्काउन पनि हामिले वातावरण मैत्री र आम नागरिक लाइ पनि वातावरण मैत्री वनाएर एसका पुर्वाधार खडागर्न सक्नु पर्छ । पानि हावा व्यवस्थित किसिमले यसलाइ वातावरण मैत्री वनाउन सके यो विधेयकले सार्थकता पाउछ भोलिआउने दिनहरुमा पनि यो विधेयकले अथवा हाम्रो यो विधेयकले पनि अगाडिवड्ने र  अगामि दिनलाइ वातावर्ण मैत्री वनाएर मानस जातिलाइ स्वच्छ किसिमको फट्कोमार्न सक्ने अवसर मिल्छ वातावरण जव मान्छेको मस्तिस्कै ठिकछैन ।

स्वास्थ्यै ठिकछैन । वातावरण मैत्री वनाउन सकेनौ भने एस्ले कसरि अगाडि वढ्नसक्छ भन्ने खालले यो अति महत्व पुर्णछ । यसका हरेक वुदा वुदामा गएर हामिले यसलाइ छलफल गर्नुपर्छ जस्तो मलाइ लाग्छ । हरेक क्षेत्रमा यसका अवधि हुन्छन मापदण्ड हुन्छन । अनि कुनक्षत्र वाट हामिलाइ दोसिन्छ । हामिले तिनलाइ पनि ग्रहण गरेर अगाडि वड्नु छ । आज विकसित देशले अल्प विकसित देशलाइ हेपिरहेको अवस्ता छ । जाहाँ वडि दोसिछन । त्याहाँ वडि दुसित भएको हुन्छ । त्यसको असर हाम्रो जस्तो देशमा परिरहेको छ । हामिले यो विधेयकमा छेतिपुर्तिको व्यवस्ताको लागि हामिले राख्न सक्नु पर्छ । तव मात्र समानता र वातावरण मैत्रि हुनजान्छ । त्यहिकारणले आज यो विधेयकको महत्व त्यति अगाडि वडिरहेको छ । म सभमुख मार्फत यो वधेयकका २२ वटै वुदामा छलफल गरि वषेश समेतिमा जावसभनि अनुरोध गर्दै मेरा भनाइलाइ यहि टुङ्ग्याउछु धन्यावाद ।

माननीय सदस्यहरू,

“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

मानननीय सदस्यहरू,

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई “प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय प्रकाश वहादुर शाहः** – माननीय सभामुख महोदय प्रदेशको वातावरण संरक्षण सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७५” माथि यस्को सैद्धान्तिक पक्ष माथि हामि छलफ गर्दै छौ र माननीय ज्यु हरुले माननी महेश दत्त जोशी माननीय वलदेव रेग्मी र माननीय हर्क वाहादुर कुवरले अफ्ना महत्वपुर्ण विचारहरु धारणाहरु राख्नुभएको याहाँ राख्नु भएको छ । म सवै माननीय ज्यु हरुका महत्व पुर्ण सुझाप हरुलाइ हार्दिक ग्रहण गर्न चाहान्छु र अहिले संसार गुलोवल वार्निङका कारणले खासगरिकन विस्वका अतिविकिसत मुलुकहरु जि ८ भन्छौ हामि उनिहरुको

औद्ध्योगिक क्षेत्रमा हुने कार्वन उत्सर्जनका कारणले संसारमा गुलोवल वार्निङ भैरहेको छ र गुलोवल वार्निङ्का कारणले कलाइमेन्ट चेन्ज भैराखेको छ । त्यसले मानवजाति प्रकृति वनस्पति जिवजन्तु यावत क्षेत्रमा दुस्पर्भाव पारिरहेको छ । शक्ति सम्पन्न राष्ट्र हरुले कार्वन यत्सर्जन गर्दैजाने नेपालजस्ता गरिव राष्ट्रहरुले अक्सिजनको यत्पादन वडायदै जानुपर्ने यो नियति लामो साय रहनेहो भने संसारमा वातावरणिय क्षेत्रमा भयावह स्थिति आउन सक्छ । भन्ने सन्द्रभमा माननी ज्युहरुको चिनतार चासो याहाँ पर्कट भएकोछ । मान्छेनै प्रकृतिको भन्नुहोस वा इस्वरको भन्नुहोस सर्व उत्कृष्ट रचनाहो मानव र उसको दाइत्व वातावरणको संरक्षण गर्नुहो वनसपतिको संरक्षण गर्नु प्रकर्तिको संरक्षणगर्नु जिवजन्तुको पनि संरक्षण गर्नुहो । यो मान्छेको दाइत्व हो । त्यसैले मान्छैले पर्तिकुल पर्भव पर्ने काम हुनवाट रोक्नु पर्छ र यो पृथ्वि लाइ स्वच्छ वनाउनको लागि वातावरणिय अनुकुलन कायम गर्नेलाइ हामिले योगदान गर्नुपर्छ । भन्ने माहन उद्देस्य वाट छल्फल चलिराखेको छ । म सवैविचारहरु र सुझाप हरुको हार्दिक रुपले सम्मान गर्दछु । ग्रहण गर्न चाहान्छु र समिति

मा विषयगत समितिमा व्यापक छलफल हुनेछ र त्सवाट आएका प्रतिवेदनहरु यो सम्मानित सदनले अझ सम्वृध गर्दै यो विधेयकलाइ हामि पारित गर्नेछौ । भन्नेकुरा राख्न चाहान्छु धन्यावाद

मानननीय सदस्यहरू,

१. प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

जानकारी गराएपछि)

मानननीय सदस्यहरू,

"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

मानननीय सदस्यहरू,

अब, “सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको कार्बाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम “सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

जानकारी गराएपछि)

माननीय सदस्यहरू,

अब म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई “सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश वहादुर शाहाः** – माननीय सभामुख महोदय प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम शुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्वन्धमा व्यवस्थागर्न वनेको विधेक २०७५ लाइ दफावार छलफलकालागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइयोस भनि यो प्रस्ताव पेशगर्दछु धन्यावाद

**प्रस्ताव पेश भएपछि)**

माननीय सदस्यहरू,

अब म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस

“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ “सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**घोषणा गरिसकेपछि)**

मानननीय सदस्यहरु,

“सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

मानननीय सदस्यहरु,

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल फाल्गुन ५ गते आइत बार दिनको २ बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।